गण्डकी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

# सञ्चित कोषको वार्षिक आर्थिक विवरण

# आ.व. २०७५/७६

प्रदेश लेखा नियन्त्रक कार्यालय

गण्डकी प्रदेश, कास्की

मिति २०७६ पौष २३

# आर्थिक वर्ष २०७५/७६ को एकृकित र्वार्षिक आर्थिक विवरण सम्बन्धमा

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३ मा प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ ।यसै ऐनको दफा ४ बमोजिमको प्रदेश सञ्चित कोषको लेखा अध्यावधिक राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले हरेक वर्ष वार्षिक आर्थिक विवरण तयार गर्दै आएको छ ।प्रदेश सञ्चित कोषको बार्षिक आर्थिक विवरणका अतिरिक्त ऐनको दफा २६(१) मा उल्लेख भएबमोजिम विनियोजन, राजश्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको केन्द्रीय लेखाको समेत आर्थिक विवरण तयार गर्ने गरिएको छ। यस्तो विवरण तयार गर्दा आर्थिक कार्यविधि ऐनले तोकिएको प्रक्रिया र समयावधि (हरेक वर्षको पुष मसान्त) भित्रै केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ को वार्षिक आर्थिक विवरणलाई व्यवस्थित रुप दिन कारोबारको प्रकृति अनुरुप विभिन्न फारम तयार गरि प्रतिवेदन तयार गरीएको छ। यस आर्थिक विवरणमा प्रस्तुत गरिएका विषयगत प्रतिवेदनको समष्टिगत प्रतिनिधित्व हुने गरी प्रदेश एकृकित मूल आर्थिक विवरणको रुपमा प्रस्तुत गरिएको छ। यसमा गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को सञ्चित कोषको अवस्था, सो वर्षको आय र व्ययको स्थिति, सञ्चित कोषमा व्ययभार भएका तथा विनियोजनबाट भएको खर्चको समष्टिगत आर्थिक विवरण, बजेट उपशीर्षकगत तथा खर्च शीर्षगत, मन्त्रालय/निकायगत एवं जिल्लागत खर्चको सारांश विवरणहरुलाई समेटिएको छ। यसका अलावा खर्च लेखिएको तर विभिन्न कारणले साट्न बाँकी रहेको चेकको मन्त्रालयगत/जिल्लागत सारांश विवरण समेत यस आर्थिक विवरणमा नै समावेश गरिएको छ। यस्तै प्रदेश सरकार तर्फ राजश्व असूलीको समष्टिगत विवरण, धरौटीको मन्त्रालयगत सारांश विवरण, कार्य सञ्चालन कोष तथा अन्य विविध खाता समूहको एकीकृत आय व्यय विवरण समष्टिगत आर्थिक प्रतिवेदनमा समावेश गरिएको छ। यी विवरणहरुले प्रदेश सरकारको सञ्चित कोषको समग्र परिचालनको अवस्था देखाउँदछन्।

यस बिवरणमा सञ्चित कोष, वार्षिक विनियोजन, राजश्व, धरौटी, कार्य सञ्चालन तथा अन्य कोषसम्बन्धी वार्षिक विषयगत प्रतिवेदनहरु क्रमश: प्रस्तुत गरिएको छ।

आर्थिक विवरण तयारीका क्रममा प्रदेश अन्तगत सम्बन्धित केन्द्रीय निकाय, प्रदेश लेखा ईकाई कार्यालय, सरकारी कारोबार गर्न तोकिएका बैंकहरुरु, नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरणहरुलाई मूल आधारका रुपमा लिईएको छ। लेखांकन तथा प्रतिवेदनका लागि यस कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत ढाँचाको प्रयोग गर्ने र सो अनुरुप लेखांकन तथा प्रतिवेदन पद्धति सरल, पारदर्शी,

व्यवस्थित र भरपर्दो बनाउन अवलम्बन गरिएका एकल कोष खाता प्रणाली (TSA), राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) र अन्य तथ्याङ्कलाई वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) मा समावेश गरी विवरणहरुको तयारी, भिडान र समायोजन गर्ने कार्य गरिएको छ। यो आर्थिक विवरण तयारीका लागि प्रदेश आर्थिक कार्यविधि ऐन, महालेखा परीक्षक तथा महालेखा नियन्त्रक कार्यालयबाट समय समयमा प्राप्त भएका निर्देशन समेतलाई मार्गदर्शनका रुपमा लिई विगतदेखि स्थापित अभ्यास समेतलाई आधार बनाई जिल्लागत तथा प्रदेश केन्द्रीय आर्थिक विवरणहरुलाई बैंकिङ्ग विवरणसँग भिडान गरी तथ्याङ्कको समायोजन (Consolidation) गरिएको छ।

यस एकृकित वार्षिक आर्थिक प्रतिवेदनलाई सही, भरपर्दो एवं पूर्णत: विश्वसनीय बनाउन यस कार्यालयले अधिकतम प्रयत्न गरेको भएतापनि कतिपय प्राविधिक तथा मानवीय पक्षमा रहने कमी कमजोरीका कारण केही त्रुटी/भएका हुन सक्ने सम्भावनातर्फ सजग रहँदै यो विवरण माथी हुने लेखापरीक्षण तथा सरोकारवालाहरुले राय सुझाव, प्रतिक्रिया एवं पृठपोषण समेतका आधारमा आवश्यक संशोधन एवं परिमार्जन गर्न सकिने छ।

यो आर्थिक प्रतिवेदनले प्रदेश सरकारको सञ्चित कोष तथा अन्य कोषहरुको अवस्थाको सही चित्रण गर्नेछ भन्ने आशा गरिएको छ। यो प्रतिवेदन प्रदेश सरकारको वित्तीय प्रणालीको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा जानकारीको चाहाना राख्ने सरोकारवालाहरुलाई सहज पहुँच होस् भन्ने अभिप्रायले कार्यालयको website: www.pfco.gandaki.gov.np मा राखिएको छ। साथै सम्बन्धित सरकारी निकायहरुमा समेत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

……………………

ईन्द्र प्रसाद पौडेल

(प्रदेश लेखा नियन्त्रक)

# प्रदेश सरकारको समष्टिगत आर्थिक विवरण

## १. राजश्व संकलनको स्थिति

१.१ आ.व.२०७५/७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| शिर्षक | आ.व. २०७४/७५ | आ व २०७५/७६ | |
|---|---|---|---|
| कर राजश्व | - | ६४८८५८६५७२.७१ | |
| अन्य राजश्व | - | १२२६३१५७३५.२९ | |
| बाडँफाडँ हुने राजश्व | - | ९८७१७९०६०.०० | |
| कुल राजश्व | - | ८७०२०८१३६८.०० | |

नोटः-प्रस्तुत राजश्व अकं बैकंद्धारा संकलित राजश्व व्यवस्थापन सुचना प्रणाली Revenue management Information System को आधारमा तयार गरिएको ।उल्लेखित विवरणमा Revenue management Information System मा जम्मा भएको तर संघीय सरकारमा गएको राजश्व शिर्षक ३३१५१-वनरोयल्टी संकलन बापत रु १००७५४१७९.२२/- र ३३१५६-पर्यटन सेवा शुल्क/रोयल्टी संकलन मा बापत रु २००००/- समावेश गरिएको छैन ।

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारले निम्न शिर्षकहरुबाट कुल राजश्व आम्दानी रु ८ अर्ब ७० करोड ९३ लाख २० हजार १ सय संकलन गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा कर राजश्व तर्फ ६ अर्व ५७ करोड ६० लाख ७ हजार र अन्य राजश्व तर्फ १ अर्व ६९ करोड ९५ लाख गरी कुल राजश्व रकम ८ अर्व २७ करोड ५५ लाख ७ हजार लक्ष्य राखिएको थियो ।

**आर्थिक वर्ष २०७५/७६ को कुल राजश्व असुलीमा शिर्षकगत योगदान (प्रतिशतमा)**

| शिर्षक | रकम | प्रतिशत | |
|---|---|---|---|
| **११००० कर राजश्व** | **६४८८५८६५७२.७१** | **७४.५०** | |
| ११४०० वस्तु तथा सेवामा आधारित कर | ६,११०,१३४,७१९.७१ | | |
| ११६०० अन्य कर | **३७८,४५१,८५३.००** | | |
| **१४००० अन्य राजश्व** | **१२२६३१५७३५.२९** | **१४.०८** | |
| १४१०० सम्पतिबाट प्राप्त आय | ४३७४९४७४१.६ | | |
| १४२०० बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | ४९९२९३१८०.०७ | | |
| १४३०० दण्ड जरिवाना र जफत | ३००४६७३.८९ | | |
| १४५०० विविध राजश्व | २८६५२३१३९.७३ | | |

| | | | |
|---|---|---|---|
| ३३१०० बाँडफाँड हुने राजश्व | ९८७१७९०६० | **११.३३** | |
| १५००० बेरुजु | ७२३८७४५.०१ | **०.०८** | |
| कुल | ८,७०९,३२०,११३.०१ | **१००** | |

नोटः-प्रस्तुत राजश्व अकं बैकंद्धारा संकलित राजश्व व्यवस्थापन सुचना प्रणाली Revenue Management Information System को आधारमा तयार गरिएको ।

**आर्थिक वर्ष २०७५/७६ मा कुल राजश्वमा सबै भन्दा बढी योगदान गर्ने शिर्षकहरु**

| शिर्षक | सकंलन रु | योगदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| ११४११ बाडँफाड भई प्राप्त हुने मुल्य अभिवद्धि कर | ४,९०९,७७२,३४५.०३ | ५६.३७ | |
| ११४२१ बाडँफाड भई प्राप्त हुने अन्तशुल्क | १,१८९,६१४,१९७.१६ | १३.६६ | |
| ३३१५८ सवारी साधन कर संकलन | ९८७,१७९,०६०.०० | ११.३३ | |
| १४१७७ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४३६,२६५,६४१.६० | ५.०९ | |
| १४५२९ अन्य राजश्व | २८६,५२३,१३९.७३ | ३.२८ | |
| कुल योगदान | | ८९.७३ | |

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारको राजश्व सकंलनमा सबैभन्दा बढी राजश्व शिर्षक ११४११ (बाडँफाड भई प्राप्त हुने मुल्य अभिवद्धि कर) बाट कुल राजश्वको ५६.३७ प्रतिशतको योगदान देखिन्छ ।यसैगरी ११४२१ (बाडँफाड भई प्राप्त हुने अन्तशुल्क) बाट १३.६६ प्रतिशत, सवारी साधन कर सकंलनको हिस्सा ११.३३ प्रतिशत, मालपोत कार्यालयबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर कुल राजश्वको ५.०९ रहेको छ भने स्थानिय तहबाट बाडँफाड भई प्राप्त दहत्तर बहत्तर शुल्कको योगदान ३.२८ प्रतिशत रहेको छ ।माथि उल्लेखित राजश्व शिर्षकहरुको कुल राजश्वको ८९.७३ प्रतिशत योगदान देखिन्छ ।

१.२ अन्तर सरकारी वित्त यव्यस्थापन ऐन, २०७४ बमोजिम संघीय सरकारबाट प्राप्त ११४११ (बाडँफाड भई प्राप्त हुने मुल्य अभिवद्धि कर) र ११४२१ (बाडँफाड भई प्राप्त हुने अन्तशुल्क) बाट देहाय बमोजिमको रकम प्राप्त भएको छ ।

| क्र.श. | राजश्व शिर्षक | रकम |
|---|---|---|
| १. | ११४११ (बाडँफाड भई प्राप्त हुने मुल्य अभिवद्धि कर) | ४९०९७७२३४५.०३ |
| २. | ११४२१ (बाडँफाड भई प्राप्त हुने अन्तशुल्क) | ११८९६१४१९७.१६ |

| | | |
|---|---|---|
| | कुल | ६०९९३८६५४२.१९ |

## २. प्रदेश सरकार अनुदान, नगद मौज्दात दाखिला तथा बेरुजु अन्य

आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट अनुदान प्राप्ति विवरण

| अनुदान शिर्षक | प्राप्ति लक्ष्य | अनुदान प्राप्ति | प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकार समानिकरण अनुदान | ६७७६७४१००० | ६७७६७००००० | ५२.८५ |
| नेपाल सरकार सशर्त अनुदान | ६५०१९००००० | ६०४५६११००० | ४७.१५ |
| नेपाल सरकार विशेष अनुदान | ३५५०००००० | - | |
| नेपाल सरकार समपुरक अनुदान | ७१४२००००० | | |
| जम्मा | १४३४७८४१००० | १२८२२३११००० | १०० |

**२.१** आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारको कुल अनुदान प्राप्ति रु १२ अर्ब ८२ करोड २३ लाख ११ हजार देखिन्छ ।जसमध्ये नेपाल सरकार समानिकरण अनुदानको हिस्सा ५२.८५ प्रतिशत र शसर्त अनुदानको ४७.१५ प्रतिशत रहेको छ ।

### २.२ गत आ. व. २०७५।७६ मा नगद मौज्दात बाँकी

| विवरण | बाँकी रकम रु | कैफियत |
|---|---|---|
| गत बर्षको नगद मौज्दात | रु ८२९९२४८५२.२६ | |

गत आ ब २०७५/७६ मा प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा बाँकी मौज्दात रकम रु ८२९९२४८५२.२६ यस आ व मा समाबेश भएको छ ।

**२.३** आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारले १५१११ बेरुजु शिर्षकमा रु ७,२३८,७४५.०१ नगद संकलन भएको छ ।

### ३. समग्र खर्चको विष्लेषणः

**३.१** आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारको वार्षिक बजेट रु २४ अर्ब २ करोड ३३ लाख विनियोजन भएकोमा खर्च १३ अर्ब ९२ करोड ८० लाख ३१ हजार रहेको छ जुन कुल बजेटको ५७.९८ प्रतिशत रहेको देखिन्छ।

आर्थिक वर्ष २०७५/७६ को स्रोतगत बजेट विनियोजन र खर्च विवरण

| स्रोत | विनियोजित बजेट | | खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१. नेपाल सरकार** | **१४३४७८४१०००** | **५९.७२** | | |
| समानिकरण अनुदान | ६७७६७४१००० | | ४७७३७९२३६१.६० | १९.८७ |
| शसर्त अनुदान | ६५०१९००००० | | ५१५९४१८२७१.६२ | २१.४८ |
| विशेष अनुदान | ३५५०००००० | | | |
| समपुरक अनुदान | ७१४२००००० | | | |
| **२. प्रदेश सरकार** | **९६७५५०७०००** | **४०.२८** | | |
| राजश्व बाडँफाट | ६५७६००७००० | | ३९९४८२०३७९.३१ | १६.६३ |
| आन्तरिक श्रोत | १६९९५००००० | | | |
| आन्तरिक ऋण | ८०००००००० | | | |
| गत वर्षको नगद मौज्दात | ६०००००००० | | | |
| जम्मा | २४०२३३४८००० | १०० | १३९२८०३१०१२.५३ | ५७.९८ |

आ.व. २०७५/७६ मा प्रदेश सरकारको कुल बिनियोजन बजेटमा नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान १९.८७ प्रतिशत खर्च भएको छ । यसैगरी नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको खर्चको हिस्सा २१.४८ प्रतिशत देखिन्छ भने प्रदेश सरकारले आन्तरिक श्रोतबाट कुल खर्चको १६.६३ प्रतिशत खर्च भएको देखिन्छ । समष्टिगत खर्चमा ५७.९८ प्रतिशत रहेको छ ।

## आर्थिक वर्ष २०७५/७६ को बजेट संरचनागत खर्च

| शिर्षक | विनियोजित बजेट | | खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| चालुँ | ८११५५१५००० | ३३.७८ | ५२११०३०४७६.९१ | २१.६९ |
| पुजिगत | १५९०७८३३००० | ६६.२२ | ८७१७०००५३५.६२ | ३६.२९ |
| जम्मा | २४०२३३४८००० | १०० | १३९२८०३१०१२.५३ | ५७.९८ |

प्रदेश सरकारले आ.व.२०७५/७६ मा चालु खर्च तर्फ ८ अर्ब ११ करोड ५५ लाख १५ हजार खर्च गर्ने लक्ष्य राखेकोमा रु ५ अर्ब २१ करोड १० लाख ३० हजार खर्च गरेको देखिन्छ जुन लक्ष्यको ६४.२१ हुन आउछ भने कुल बजेटको खर्च प्रतिशत २१.६९ प्रतिशत रहेको छ ।यसैगरी पुजिंगत

खर्चतर्फ १५ अर्व ९० करोड ७८ लाख ३३ हजार खर्च गर्ने लक्ष्य राखेकोमा ८ अर्ब ७१ करोड ७० लाख खर्च भएको देखिन्छ जुन लक्ष्यको ५४.८ प्रतिशत हुन आउछ भने कुल बजेटको खर्च प्रतिशत ३६.२९ प्रतिशत रहेको छ ।

**३.२** आर्थिक वर्ष २०७५/७६ मा सञ्चित कोषमाथि व्ययभार हुने खर्च रकम रु ३१ लाख ९८ हजार ७ सय २८ र सञ्चित कोषबाट विनियोजन हुने खर्च रकम रु १३ अर्ब ९२ करोड ४८ लाख ३२ हजार २ सय ८४ रहेको देखिन्छ ।

**३.३** संघीय सरकारबाट प्राप्त सशर्त अनुदान मध्ये प्रदेश सरकारले गरेको खर्चबाट फिर्ता गर्नुपर्ने रकम देहाय बमोजिम रहेको छ ।

| क्र.श. | सशर्त अनुदान प्राप्त | खर्च | चेक साट्न बाकीँ | बाँकी |
|---|---|---|---|---|
| १. | ६०४५६११००० | ५१५९४१८२७१.६२ | १८५७५८.२८ | ८८६३७८४८६.६६ |

**३.४** आर्थिक वर्ष २०७५/७६ मा सरकारको आर्थिक सकेंत वर्गीकरण अनुसार निम्न अनुसारको शीर्षकहरुमा खर्च भएको छ ।

### आर्थिक संकेत वर्गीकरण अनुसारको खर्च स्थिति

| **खर्च शिर्षक** | **रकम रु** | **प्रतिशत** |
|---|---|---|
| २१००० पारिश्रामिक/ सुविधा | **८८९९६१३३५** | **६.३९** |
| २२००० मालसामान तथा सेवाको **उपयोग** | **२००९६७९८४५** | **१४.४३** |
| २४००० ब्याज र सेवा खर्च | - | - |
| २५००० सहायता | - | - |
| २६००० अनुदान | **२२२५३५५३६५** | **१५.९८** |
| २७००० सामाजिक सुरक्षा | **७५२४५७२६** | **०.५४** |
| २८००० अन्य खर्च | **१०७८८२०५** | **०.०८** |
| ३१००० पुजिगत खर्च | **८७१७०००५३६** | **६२.५९** |
| ३११०० स्थिर सम्पति प्राप्ति खर्च | **८७१४८४३८०२** | **६२.५७** |
| ३१४०० प्राकृतिक सम्पति | **२१५६७३४** | **०.०२** |
| जम्मा | **१३९२८०३१०१२** | **१००.००** |

**३.५** आ.व. २०७५/७६ मा गण्डकी प्रदेश सरकारको अनुदानगत खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| स्रोत | खर्च | | कैफियत |
|---|---|---|---|
| | रकम | प्रतिशत | |
| समानिकरण र समपुरक अनुदान | ४७७४६१५३०७.६० | ३४.२८ | |
| सशर्त र विशेष अनुदान | ५१५९४१८२७१.६२ | ३७.०४ | |
| राजश्व बाडँफाडँ | ३९९३९९७४३३.३१ | २८.६८ | |
| कुल खर्च | १३९२८०३१०१२.५३ | १०० | |

**४. वित्तिय हस्तान्तरणको विश्लेषण**

**आर्थिक वर्ष २०७५/७६ को वित्तिय हस्तान्तरणको विवरण**

| **स्रोत** | **बजेट** | | **निकासा** | |
|---|---|---|---|---|
| | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** |
| **वित्तिय समानिकरण अनुदान** | **१000000000** | **९८.०४** | ९९९९९९९९७ | **९५.०७** |
| **विशेष अनुदान** | **१0000000** | **०.९८** | ३२८९०१९७ | **३.१३** |
| **समपुरक अनुदान** | **१0000000** | **०.९८** | १८९५२०११ | **१.८०** |
| **कुल** | **१२00000000** | **१००** | १०५१८४२२०५ | **१००** |

नोटः विस्तृत विवरण अनुसुचिमा उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारले वित्तिय हस्तान्तरण मार्फत १ अर्ब २० करोड स्थानिय सरकारहरुलाई प्रवाह गर्ने लक्ष्य राखेकोमा रु १ अर्ब ५ करोड १८ लाख ४२ हजार २ सय ५ (८७.६५%) वित्तिय हस्तान्तरण गरेको देखिन्छ ।

**५.पेश्कीको स्थितिः-**

आर्थिक वर्ष २०७५/७६ सम्म रु १३२९२०८४६२/- पेश्की फर्छिन बाँकी रहेको छ । फर्छिन बाकी पेश्की मध्ये व्यक्तिगत पेश्की तर्फ रु. ८०६२८७७/- र सस्थागत पेश्की तर्फ रु १३२११४५५८५/- छ ।

| क्र.श. | पेश्की रकम | व्यक्तिगत पेश्की | सस्थागत पेश्की | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व.२०७४/७५ सम्मको बाँकी | - | - | - |
| २. | आ.व.२०७५/७६ को बाँकी | ८०६२८७७ | १३२११४५५८५ | १३२९२०८४६२ |
| जम्मा २०७५/७६ सम्मको | | ८०६२८७७ | १३२११४५५८५ | १३२९२०८४६२ |

## ६. आन्तरिक लेखा परिक्षणको स्थिति

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालयहरुले गरेको नगद निकासाबाट भएको खर्चको आन्तरिक लेखा परिक्षणबाट पेश्की रकम म्याद ननाघेको समेत गरी रु १३५०४२०४४९ बेरुजु देखिएको छ । स्थानिय तहको पेश्की र बेरुजु रकम यसमा समावेश गरिएको छैन ।

| **आ.व.** | नियमित गर्ने | असुल गर्ने | व्यक्तिगत पेश्की | सस्थागत पेश्की | जम्मा |
|---|---|---|---|---|---|
| आ.व.२०७५/७६ को | १५४६३४९६ | ८०६२८७७ | १३२११४५५८५ | १३२९२०८४६२ | १३५०४२०४४९ |

## ७. भुक्तानी गर्नुपर्ने दायित्व

गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा आन्तरिक तथा बाह्य ऋणको सावाँ ब्याज कुनै पनि भुक्तानी भएको छैन ।

## ८. भुक्तानी हुन बाकीं रकम

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सञ्चित कोषबाट निकासाबाट निकासा हुने गरी खर्च लेखिएको रकम मध्ये चेक साट्न बाकीं रकम रु १६९७५४२.२८ रहेको छ ।

## आर्थिक विवरण तयारीका टिप्पणी, मान्यता तथा सिमाहरु

- यस एकीकृत आर्थिक विवरणले प्रदेश सरकारको आर्थिक कारोबारहरुको मात्र प्रतिवेदन गर्दछ भने प्रदेश अन्तर्गतका स्थानिय तहका सरकारहरुको आर्थिक विवरणहरु यसमा समावेश गरिएका छैनन ।
- राजश्व र खर्चका रकमहरु नगदमा आधारित लेखा प्रणालिका सिद्धान्त अनुरुप तयार गरिएका छन ।
- राजश्व संकलनको विवरण बैकं दाखिला भएको राजश्वको विवरण (Revenue Management Information System) को आधारमा तयार गरिएको छ । यस विवरणमा गत आर्थिक वर्षमा नै आम्दानि बाँधिई बैंक दाखिला छुट हुन गएको राजश्व संकलन समेत समावेश भएका छन ।यस आर्थिक वर्षमा आम्दानी बाँधी चेक दाखिला हुन बाँकी राजश्व नगद मौज्दात समावेश भएको छैन ।
- कुल चालुँ खर्चको रकममा स्थानिय तहका सरकारहरुलाई प्रवाह गरिएको वित्तिय हस्तान्तरण (समानिकरण विशेष तथा समपुरक अनुदान ) गरिएको रकम समेत समावेश गरिएको छ ।
- पेश्की तथा अन्य रुपमा निकासा भई फिर्ता/फच्छौंट गर्न बाँकी रकम समेतलाई खर्चको रुपमा प्रस्तुत गरिएको छ ।
- प्रस्तुत गरिएका प्राप्ति र भुक्तानिका विवरणहरु बैकं संग भिडान गरी तयार गरिएको छ।
- खर्चका रकमहरु प्रदेश लेखा ईकाई कार्यालयहरुबाट प्राप्त प्रमाणित आर्थिक विवरणका आधारमा भिडान गरी सम्बन्धित केन्द्रिय निकायहरुबाट समेत पेश भए सम्मका विवरणसंग समेत भिडान गरिएको छ ।
- स्थानिय तहका सरकारहरुलाई दिएको अख्तियारी तथा अनुदान रकमको निकासालाई नै खर्चको रुपमा प्रस्तुत गरिएको छ ।

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०७५/२०७६ को संघीय सञ्चित कोषको अवस्था

| विवरण | श्रेष्ता अनुसार | | |
|---|---|---|---|
| | लक्ष्य | रकम | कैफियत |
| **प्राप्ती** | | | |
| (क) कर | ६५७६००७०००.०० | ६४८८५८६५७२.७१ | |
| (ख) गैह्र कर | २०००००००००.०० | २२१३४९४७९५.२९ | |
| **(ग) कुल राजश्व (क+ख)** | **८५७६००७०००.००** | **८७०२०८१३६८.००** | |
| (घ) राजश्व बाडँफाड-स्थानिय | ३००५००००००.०० | ३००४९९९९७.०० | |
| **(ङ) राजश्व प्रदेश ग-घ** | ८२७५५०७०००.०० | ८४०१५८१३७१.०० | |
| (च) बेरुजु तथा गत वर्षको नगद मौज्दात दाखिला | | ७२३८७४५.०१ | |
| (छ) अनुदान प्राप्त संघ बाट | १४३४७८४१०००.०० | १२८२२३११०००.०० | |
| (ज) अनुदान भुक्तानी स्थानिय | १२००००००००.०० | ०.०० | |
| **(१) गैर वित्तीय प्राप्ती ङ+च+छ-ज** | **२१४२३३४८०००.००** | **२१२३११३१११६.०१** | |
| (झ) आन्तरिक ऋण | | ०.०० | |
| (ञ) बैदेशिक ऋण | | ०.०० | |
| (ट) बैदेशिक ऋण सोझै भुक्तानी | | ०.०० | |
| (ठ) ऋण लगानी फिर्ता | | ०.०० | |
| (क) शेयर लगानी फिर्ता | | ०.०० | |
| **(2) वित्तीय प्राप्ती झ+ञ+ट+ठ+ड** | ०.०० | ०.०० | |
| **(३) कुल प्राप्ती 1+2** | **२१४२३३४८०००.००** | **२१२३११३१११६.०१** | |
| **भुक्तानी** | | | |
| (क) चालु | ८११५५१५०००.०० | ५२११०३०४७६.९१ | |
| (ख) चालु सोझै भुक्तानी+ वस्तुगत सहायता | | | |
| (ग) चालु भुक्तानी हुन बाँकी चेक | | ५१८९५९.२८ | |

| | | | |
|---|---|---|---|
| (घ) पुँजीगत | १५९०७८३३०००.०० | ८७१७०००५३५.६२ | |
| (ङ) पुँजीगत भुक्तानी हुन बाँकी चेक | | ११७८५८३.०० | |
| (च) संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त अनुदान | | ८८६१९२७२८.३८ | |
| **(१) खर्च भुक्तानी क+ख-ग+घ+ङ-च** | **२४०२३३४८०००.००** | **१४८१२५२६१९८.६३** | |
| (छ) आन्तरिक ऋणको साँवा भुक्तानी | | | |
| (ज) बैदेशिक ऋणको साँवा भुक्तानी | | | |
| (झ) ऋण लगानी | | | |
| (ञ) शेयर लगानी | | | |
| (क) वित्तीय व्यवस्था सोझै भुक्तानी+वस्तुगत सहायता | | | |
| (क) वित्तीय व्यवस्था भुक्तानी हुन बाँकी चेकको विवरण | | | |
| **(२) वित्तीय व्यवस्था छ+ज+झ+ञ+ट+ठ** | **०.००** | **०.००** | |
| **(३) कुल भुक्तानी 1+2** | २४०२३३४८०००.०० | १४८१२५२६१९८.६३ | |
| (४) विविध समायोजन | | | |
| **यस आ.व.को संघीय सञ्चित कोषको मौज्दात (प्राप्ती-भुक्तानी)** | -२६०००००००.०० | ६४१८६०४९१७.३८ | |
| **गत आ.व.सम्मको मौज्दात** | | ८२९९२४८५२.२६ | |
| **यस आ.व.सम्मको प्रदेश सञ्चित कोषको मौज्दात** | | ७२४८५२९७६९.६४ | |

* चालु तथा पुजिगत खर्चमा स्थानिय तहलाई हस्तान्तरण गरिएको अनुदान रकमको खर्च समेत समावेश गरिएको छ ।

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०७५/२०७६ को संघीय सञ्चित कोषको अवस्था

| खाता नं. | श्रेष्ता अनुसार | | | |
|---|---|---|---|---|
| | आम्दानी | खर्च | बाकीं | कैफियत |
| **(क) क 1-1 सञ्चित कोष मिलान खाता** | **८२९९२४८५२.२६** | **२९०४९१५६१.९९** | **५३९४३३२९०.२७** | |
| (१) गत वर्षको मौज्दात | **८२९९२४८५२.२६** | | | |
| (२) यस वर्षको | ०.०० | २९०४९१५६१.९९ | | |
| **(ख) क 1-2 आन्तरिक राजश्व खाता** | **१३२८५१२४८३.८२** | ०.०० | **१३२८५१२४८३.८२** | |
| **(ग) क 1-3 राजश्व तथा अनुदान खाता** | **१९२१५९३९५६९.१९** | **१४५२२०३४६३६.६४** | **४६९३९०४९३२.५५** | |
| (१) समानिकरण अनुदान | ६७७६७००००००.०० | | | |
| (२) शसर्त अनुदान | ६०४५६११०००.०० | | | |
| (३) बाडँफाड बाट प्राप्त भ्याट तथा अन्तशुल्क | ६०९९३८६५४२.१९ | | | |
| (४) कार्यालयबाट सोझै दाखिला | ८३५२८८१.०० | | | |
| (५) रोयल्टी बापत प्राप्त रकम | २८५८८९१४६.०० | | | |
| (६) शोधभर्ना | ०.०० | ९५६४६०७५६१.०४ | | |
| (७) शोधभर्ना दिन बाकीं | | ४०७१२३४३४७.२२ | | |
| (८) संघ सरकारलाई फिर्ता दिन बाकीं | | ८८६१९२७२८.३८ | | |
| **(घ) प्रदेश विभाज्य कोष खाता** | **९८७१७९०६०.००** | **३००४९९९९७.००** | **६८६६७९०६३.००** | |
| (१) आम्दानी | ९८७१७९०६०.०० | ०.०० | | |
| (२) स्थानिय तह राजश्व दाखिला | ०.०० | ३००४९९९९७.०० | | |
| **(ङ) स्थानिय विभाज्य कोष खाता** | **३००४९९९९७.००** | **३००४९९९९७.००** | ०.०० | |

| | | | | |
|---|---|---|---|---|
| **यस आ.व.को प्रदेश सञ्चित कोषको मौज्दात** | २२६६२०५५९६२.२७ | १५४१३५२६१९२.६३ | ७२४८५२९७६९.६४ | |

* चालु तथा पुजिगत खर्चमा स्थानिय तहलाई हस्तान्तरण गरिएको अनुदान रकमको खर्च समेत समावेश गरिएको छ ।

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष 2075/2076 को संघीय सञ्चित कोषको प्राप्ती र उपयोगको तुलनात्मक विवरण

| **श्रोत** | | | **उपयोग** | |
|---|---|---|---|---|
| **विवरण** | **लक्ष्य** | **प्रासि** | **भुक्तानी*** | **बाकीं** |
| **प्रदेश सरकार** | | **८७०९३२०११३.०१** | | |
| कर | ८५७६००७०००.०० | ६४८८५८६५७२.७१ | | |
| गैह्रकर | | २२१३४९४७९५.२९ | | |
| बेरुजु र गत वर्षको नगद मौज्दात दाखिला | | ७२३८७४५.०१ | | |
| राजश्व बाँडफाड | | ०.०० | ३००४९९९९७.०० | |
| स्थानिय तहलाई अनुदान वितरण | | **०.००** | ०.०० | |
| अनुदान | | **१२८२२३११०००.००** | | |
| चालु तथा पुजिगत खर्च | | | १३९२६३३३४७०.२५ | |
| संघ सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान | | | ८८६१९२७२८.४ | |
| **यस आ.व.को सञ्चित कोषको मौज्दात** | | **२१५३१६३१११३.०१** | **१५११३०२६१९५.६५** | ६४१८६०४९१७.३६ |
| गत आ.व.सम्मको मौज्दात | | | | ८२९९२४८५२.२६ |
| **यस आ.व.सम्मको सञ्चित कोषको मौज्दात** | | | | ७२४८५२९७६९.६२ |

* चालु तथा पुजिगत खर्चमा स्थानिय तहलाई हस्तान्तरण गरिएको अनुदान रकमको खर्च समेत समावेश गरिएको छ ।

| भुक्तानी विवरण | लक्ष्य | भुक्तानी | प्रतिशत |
|---|---|---|---|
| चाँलु | ८११५५१५०००.०० | ५२११०३०४७६.९१ | ६४.२१ |
| पूजीँगत | १५९०७८३३०००.०० | ८७१७०००५३५.६२ | ५४.८० |
| **जम्मा** | **२४०२३३४८०००.००** | **१३९२८०३१०१२.५३** | **५७.९८** |

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश लेखा नियन्त्रक कार्यालय

## प्रदेश सञ्चित कोषको बार्षिक आर्थिक विवरण

## आर्थिक बर्ष २०७५/७६

**प्राप्ति तर्फः**

| क्र. सं. | विवरण | | | टिप्पणी नं. | रकम रु. | | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व तथा अनुदानः | | | | | | २१५३१६३१११३.०१ |
| | १.१ | राजस्व | | | | ८७०९३२०११३.०१ | |
| | | १.१.१ | कर | | ६४८८५८६५७२.७१ | | |
| | | १.१.२ | अन्य राजस्व | | २२१३४९४७९५.२९ | | |
| | | १.१.३ | बेरुजु | | ७२३८७४५.०१ | | |
| | १.२ | अनुदान | | | | १२८२२३११०००.०० | |
| | | १.२.१ | समानीकरण अनुदान | | ६७७६७००००० | | |
| | | 1.2.2 | शसर्त अनुदान | | ६०४५६११००० | | |
| | | १.२.३ | समपुरक अनुदान | | - | | |
| २ | वित्तीय व्यवस्था | | | | | | - |
| | २.१ | ऋण लगानी फिर्ता | | | | | |
| | | २.१.१ | आन्तरिक ऋण लगानी फिर्ता | | | | |
| | | २.१.२ | बैदेशिक ऋण लगानी फिर्ता | | | | |
| | २.२ | शेयर बिक्री | | | | - | |
| | | २.२.१ | आन्तरिक शेयर बिक्री | | - | | |
| | | २.२.२ | बैदेशिक शेयर बिक्री | | - | | |
| | २.३ | बैदेशिक ऋण प्राप्ति | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २.३.१ | नगद ऋण | | | | |
| | | २.३.२ | सोधभर्ना हुने ऋण | | | | |
| | | | (अ) चालु आ.ब.को | | | | |
| | | | (आ) गत विगत आ.ब.को | | | | |
| | | २.३.३ | सोझै भुक्तानी ऋण | | | | |
| | २.४ | आन्तरिक ऋण | | | | | |
| | | यस बर्षको जम्मा प्राप्ती | | | | | २१५३१६३१११३.०१ |